# राष्ट्रिय युवा संघ नेपाल
## National Youth Federation Nepal

### जिल्ला कमिटि, जुम्ला

मिति: २०७८।१०।१७

सम्मानिय प्रधानमन्त्री ज्यु,
प्रधानमन्त्रीको कार्यलय सिंहदरवार काठमाडौ
मार्फत:प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यलय जुम्ला

विषय:- ज्ञापनपत्र

हाम्रो गौरवशाली संगठन राष्ट्रिय युव संघ नेपाल जुम्ला राष्ट्रियता संविधानवाद विधिको शासन सामाजिक न्याय भ्रष्टाचार विरुद्धको अभियान जस्ता रास्ट्रय सवाल प्रति संबेदनसिल क्रियासिल रहेको युवा हरुको संगठन सर्वविधिदै छ।अराजकता अन्त्य राष्ट्रिय स्वाधीनता र संविधानको रक्षा सहित विकासको निरन्तरताको लागि राष्ट्रिय युवा संघ नेपाल [redacted] आफ्नो स्थापना काल देखिनै सक्रिय रहेको छ।

हाल आएर यहाँ नेतृत्व परमादेश बाट गठित अलोकतान्त्रिक गठबंधन सरकारले आवधिक निर्वाचनको मान्यतालाई तिलान्जलि दिदै स्थानीय तहको निर्वाचन, निर्वाचन आयोगले तोकेको समयमा नगर्ने असंम्वैधानिक कदम चाल्ने कुचेस्टा गरिरहेको छ।यस्तो असम्वैधानिक कदम विरुद्ध युवाहरु मुकदशक भएर बस्न सक्दैनन्।सरकारले तत्काल यो कदम फिर्ता लिन र निर्वाचन आयोगले तोकेकै समयमा स्थानीय तहको निर्वाचनको मिति तोक्न र सम्पन्न गर्न जोडदार माग गरिन्छ। अन्यथा हाम्रो संगठन सरकार बिरुद्ध खबरदारी आन्दोलन गर्न बाध्य हुनेछ।

कोभिड १९ महामारीको तेस्रो चरणमा ओमिक्रोनको संक्रमणले रास्ट्र ग्रस्त र त्रस्त भैरहेको बेला सरकारले रेकर्डबाट २४ लाख डोज कोभिड भ्याक्सिन बेपत्ता हुनु र देशमा सिटामोल जस्ता अत्यावश्यक औसधिहरुको चरम अभाव हुनु।पेट्रोलियम पर्दाथ र दैनिक उपभोग बस्तुहरुको चर्को मुल्य बृद्वि हुनुले जन्ताको ज्यु ज्यान र खाद्य सुरक्षा जस्तो संबेदनसिल प्रती सरकारले खेलबाड गरेको छ।अत: बेपत्ता पाऐएको भ्याक्सिन सार्वजनिक गर्न,सिटामोलको आपूर्ति गर्न र मुल्यबृद्वि फिर्ता गर्न जोडदार माग गरिन्छ।

बर्तमान सरकारले कालापानी,लिपुलेख र लिम्पियाधुरा क्षेत्रमा हाम्रो भुमिमा भारतिय पक्षले जबर्जस्ति सडक निर्माण गर्दा र त्यसको शिलान्यास भारतिय रक्षामन्त्रीले गर्दा र भारतिय प्रधानमन्त्रीले आफुले सो सडक मार्ग निर्माण गरिरहेको सार्वजनिक अभिव्यक्ति संचार माध्यम बाट दिदा सम्म भारत सरकार संग कुट्निनतिक बाता गरि अविलम्ब उक्त कार्य रोक्ने प्रयास गरेको नदेखिएको र यश बिसयमा कुनै चासो नदेखिएको र यश बिरुद्व जनवाद सृजना गर्न जरुरी देखिएको छ।यसका साथै दार्चुला स्थित महाकाली नदिमा एकपक्षीय ढंगले तटबन्धन गरि नदिको बहाव नेपाल तर्फ फर्काउने कार्य भारत सरकारबाट भइरहेको परिपेक्षमा सरकार मार्फत उक्त कार्य अविलम्ब रोक्न दबाब सृजना गर्न लगाउन जोडदार माग गरिन्छ।

राष्ट्र चौतर्फी समस्याहरुमा ग्रसित भइरहेको बेलामा सरकारमा संलग्न भौतिक पुर्वाधार तथा यातायात मन्त्री जसको जिम्मेवार पदमा रहेको रेणु यादवले जनमत पार्टिका अध्यक्ष सिके रावतलाई गौर हत्या काण्ड जस्तै घेरा हालेर मार्ने भन्ने सार्वजनिक अभिव्यक्ति दिनाले मानव अधिकार र कानुनी राज्यको मान्यताको खिल्ली उडाउनुका साथै अराजकता र मानवता बिरुद्धको अपराध र पदिय गरिमाको उपहास गरेको छ।अत: निज मन्त्रीलाई अविलम्ब पदमुक्त गरि कानुनको दायरामा ल्याउन जोडदार माग गरिन्छ।

हाम्रा मागहरुको यथाशीघ्र कार्यनयन गरिएन भने हामी आन्दोलनको आधी-बेहुरि निम्याउन बाध्य हुने जानकारी समेत यस ज्ञापन पत्र मार्फत गराउन चाहन्छौं।अत:राष्ट्रियता स्वाधीनता र जनजिबिका तथा नैतिक आचरणका माथी उल्लेखित विषय बस्तुहरुलाई अविलम्ब कार्यनयन गरियोस् भनी जोडदार माग गर्दछौं।

संयोजक
हरिश रोकाया